बैठक संख्या:-५७

आज मिति २०८१ साल कात्तिक ११ गते आईतबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद सगौला | |
| ३ | १ नं वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता दुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव (प्र.प्र.अ.) | श्री तिलचन भण्डारी | |

**निर्णय नं १-**

यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं २ :-**

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको सूचना नम्बर ६/२०८१-८२ अनुसार चालु आ.व. २०८१/८२ को युवा तथा खेलकुद कार्यक्रम अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम, व्यायामशाला निर्माणका लागी स्थानीय तहहरु बाट प्रस्ताव माग भई आएको' तथा बिर्तामोड नगरपालिका वडा नम्बर १० को च.न ७७४, मिती २०८१/०७/०६ गतेको पत्र अनुसार बिर्तामोड नगरपालिका वडा नम्बर १० सैनिक बजार स्थित श्री महेन्द्रज्योती मा.वी जाने बाटोको गेट दक्षिण तथा बास्केटबल ग्राउण्ड देखी उत्तर, बिर्तामोड गोलधाप सडकबाट पूर्व र इन्द्र बा. मुखिया र राधा मुखियाको घर पश्चिमको खाली जग्गा सार्वजनिक उपयोगको जग्गा रहेकोले मन्त्रालयले गर्ने व्यायामशाला सामाग्री खरिद र जडानको बाहेकका तत्काल गर्नुपर्ने कार्य बिर्तामोड नगरपालिकाबाट सम्पन्न गर्ने र निर्मित व्यायामशालाको संरक्षण र थप सुधारको जिम्मेवारी लिने प्रतिवद्दता सहित उक्त जग्गामा व्यायामशाला निर्माणका लागी सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशमा प्रस्तावना पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ३ :-**

झापा जिल्ला निर्वाचन क्षेत्र नं २ को क्षेत्रीय चक्रपथ अन्तर्गत विर्तामोड  नगरपालिकाको वडा नं १० को पथ्थर भिट्टा देखि वडा नं ९ को लखिवारी खण्ड  सम्मको ३.८७२ किमि सडक निर्माणको विस्तृत परियोजना प्रतिवेदन अनुसार कुल लागत १२,४०,६३,४५१। अक्षेरेपी ( बाह्र करोड चालिस लाख त्रिसठ्ठी हजार चारसय एकाउन्न मात्र) भएको हुनाले उक्त योजना संचालनका लागि आवश्यक १० प्रतिशत साझेदारी यस नगरपालिकाले गर्ने गरी बाँकी रकमका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय राजदुतावासमा माग गर्ने निर्णय गरियो।

**निर्णय नं ४ :-**

विर्तामोड नगरपालिका वडा नं ३ स्थित विराट भरत विश्रान्ती स्थानीय स्तरमा जेष्ठ नागरिकहरुको व्यवस्थापनमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको र स्थानीयबाट संकलित रकमबाट हाल एउटा भवन निर्माण सम्पन्न भएकोमा थप भवनको आवश्यकता भएको हुनाले प्रशासनिक भवन, भोजनालय तथा सतसङ भवन समेतको विस्तृत परियोजना प्रतिवेदन अनुसार, कुल लागत रु ५,४१,६४,७७३।- अक्षेरेपी पाँचकरोड एकचालिस लाख चौसाठ्ठी हजार सातसय त्रिहत्तर रुपैया मात्र को १० प्रतिशत साझेदारी रकम यो नगरपालिकाले व्यहोर्ने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय राजदूतावासमा माग गर्ने निर्णय गरियो।

**निर्णय नं ५ :-**

बिर्तामोड नगरपालिका अन्तर्गत सञ्चालित बिर्तामोड नगर अस्पतालमा दिनानुदिन बिरामीको चाप बढ्दै गईरहेकाले अस्पतालमा थप सेवा बिस्तारका लागि कार्य भईरहेको । यस सन्दर्भमा नगर अस्पतालको समग्र जिम्मेवारी तथा कार्यबोझको मूल्याङ्कन गर्दै प्रोत्साहनका लागि नगर अस्पतालका मे.सु. बिशेषज्ञ चिकित्सक श्री सुनिल अधिकारीलाई नेपाल सरकार स्वास्थ्य सेवाको नवौ तहको सुरु तलब स्केलमा २०० प्रतिशत भत्ता दिईदै आईरहेकोमा २०८१ साउन १ गतेबाट लागुहुने गरी थप १०० प्रतिशत वृद्धि गरी ३०० प्रतिशत भत्ता कायम गर्ने तथा अन्य सेवासुविधा साबिक बमोजिम नै उपलब्ध गराउने निर्णय गरियो ।

CS CamScanner